काठमाण्डौं महानगरपालिका

विज्ञप्ती

मितिः २०७४/०८/१४

नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरुले पद बहाली गरेपश्चात काठमाण्डौं महानगरपालिकाभित्र संचालित विकास निर्माणका कार्य महानगरपालिकाको समन्वय र सहमतीमा गरिनुपर्ने भन्ने विषयमा नेपाल सरकारका विभिन्न  निकायहरुबीच पटक पटक छलफल भई सबै पक्षबाट प्रतिबद्धता व्यक्त भएको कुरा यस अघि नै सार्वजनिक भईसकेको छ।विकास निर्माणका कार्यलाई निर्वाद रुपले संचालन गर्ने विषयमा यस महानगरपालिका आवश्यक सहजिकरण गर्न सधैं तयार छ।यद्यपी नेपाल सरकारका विभिन्न निकायहरुले महानगरसँग समन्वय नगरी आफूखुशी सडक तथा फुटपाथ भत्काउने र लामो  समयसम्म मर्मत नगर्ने प्रवृत्ति देखिएको र महानगरपालिकाबाट पटक पटक लिखित तथा मौखिक अनुरोध गर्दा समेत यस्ता कार्य नरोकिएकोमा यस महानगरपालिका गम्भिर भएको छ। मूल सडक तथा फूटपाथको लामो समयसम्म मर्मत सम्भार नगर्दा यस महानगरपालिकाले संचालन गरिरहेको **'क्लिन द सिटि'** अभियान तथा जनस्वास्थ्यमा गम्भिर असर परेको छ। तसर्थ आगामी दिनमा महानगर क्षेत्रभित्र यस्ता विकास निर्माण कार्यक्रम /आयोजना संचालन गर्दा महानगरपालिकासँग समन्वय गर्नुहुन पुन: अनुरोध गर्दछौं। सो बमोजिम समन्वय नगरिएमा महानगरबासीको हितलाई ध्यानमा राखी आवश्यक कारवाही गर्न यस महानगरपालिका वाध्य हुनेकुरा सम्बद्ध सबैमा जानकारी गराउँदछौं ।  साथै काठमाण्डौं महानगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा सार्वजनिक सडक, सडक किनारा र सार्वजनिक स्थलमा निर्माण सामाग्री थुपार्ने र सार्वजनिक आवागमन तथा सार्वजनिक प्रयोगलाई बाधा पार्ने कार्य नगर्न/ नगराउन महानगरवासीहरुमा अनुरोध गरिन्छ। यस सूचनाको अवज्ञा भएमा प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।